# स्थानीय राजपत्र

स्थानीय सरकार

सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

खण्डः ८ | संख्या: १ | २०८१ फागुन १ गते

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

## भाग २

## स्थानीय सरकार

## सोलुदुधकुण्ड नगरपालिका

## सल्लेरी, सोलुखुम्बु

## कोशी प्रदेश, नेपाल

**नगरसभाबाट स्वीकृत मितिः २०८१/१०/३०**

# सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यवविधि , २०८१

# सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यविधि , २०८१

प्रस्तावना

स्थानीय सरकार संचालन ऐन, २०७४ को स्थानीय तहको काम, कर्तव्य, अधिकार अन्तर्गत रहेको सुरक्षित आवास गृह संचालन गर्न सक्ने विषय उल्लेख छ । तसर्थ सोलुदुधकुण्ड नगरपालिकाभित्र न्याय माग्न आउने, जोखिममा परेका महिला तथा किशोरीहरु र बालबालिकालाई आवश्यकता परेको अवस्थामा सुरक्षित आवास गृह (सेफ हाउस) मा राखी त्यस्तो आवास गृहलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने उद्देश्यले नगर कार्यपालिकाले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. कार्यववधिको नाम "सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यविधि, २०८१" हुनेछ .

ख. यो कार्यविधि सोलुदुधकुण्ड नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषा**: यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा

क. "सुरक्षित आवास गृह (सेफ हाउस) भन्नाले" महिला किशोरी तथा बालबालिकालाई सुरक्षित एवं व्यवस्थित ढंगले राख्न यो कार्यविधि वमोजिम तोकिएको घर कम्पाउण्डलाई सम्झनुपर्दछ ।

ख. "नगरप्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

ग. "उपप्रमुख" भन्नाले नगरपालिकाका उप- प्रमुखलाई सम्झनुपर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ. "समिति" भन्नाले यस कार्यविधिको दफा ३ वमोजिम गठन हुने समितलाई जनाउँछ ।

च. "महिला किशोरी तथा बालबालिका" भन्नाले हिंसा पीडित भएका असाय महिला किशोरी र बालबालिकाको हकमा १८ वर्ष उमेर सम्मकालाई जनाउँछ ।

छ. "सञ्चालन" भन्नाले यो कार्यविधि वमोजिम सञ्चालन हुने सुरक्षित आवास गृह (सेफ हाउस) लाई जनाउँछ ।

ज. "नगरपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२
## समिति गठन

३. **व्यवस्थापन समितिः** असुरक्षित महसुस गरी न्याय माग्न आउने महिला, किशोरी र बालबालिकाहरुलाई सुरक्षित आवास गृहमा सुरक्षित ढंगले तोकिएको समयसम्म राख्न र तत् संम्बन्धी आवश्यक व्यवस्था गर्न एक व्यवस्थापन समिति निम्न वमोजिम गठन गरिनेछ ।

१. नगरपालिकाको उप-प्रमुख – संयोजक

२. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

३. न्यायिक समितिको प्रतिनिधि १ जना - सदस्य
४. जिल्ला प्रशासन कार्यालयको प्रमुख वा प्रतिनिधि १ जना - सदस्य
५. अस्पताल (OCMC) का प्रमुख वा प्रतिनिधि १ जना - सदस्य
६. जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि १ जना - सदस्य
७. आवास गृह सञ्चालन गर्ने संस्थाका अध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य
८. महिला तथा बालबालिकाका क्षेत्रमा काम गर्ने गै.स.स. प्रमुख वा प्रतिनिधि १ जना - सदस्य
९. नगर कार्यपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य सचिव

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

**४. व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

सुरक्षित आवास गृह व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्न वमोजिम रहनेछ ।

क) न्यायिक समिति, प्रहरी कार्यालय र सरोकारवाला निकायबाट जोखिममा रहेका, हिंसा पिडीत महिला, किशोरी र बालबालिकाहरु पहिचान गरी आवास गृहमा राख्ने व्यवस्था गर्ने ।
ख) सुरक्षित आवास गृह सञ्चालन व्यवस्थापनका लागि प्राप्त भएको रकम र कार्य प्रगतीको प्रतिवेदन नगरपालिकामा प्रत्येक चार चार महिनामा कार्यालयमा बुझाउने ।
ग) सुरक्षित आवास गृहको सुरक्षा व्यवस्थाको अनुगमन नियमन कार्य गर्ने ।
घ) महिला, किशोरी र वालवालिकाको स्वास्थ्य सुरक्षा र कानूनी सहायता सम्बन्धी कार्य गर्ने ।
ङ) महिला, किशोरीहरुलाई आवश्यक अन्य सीप साधन श्रोत र सुरक्षा सम्वन्धी आवश्यक प्रबन्ध गर्ने ।
च) नगर सभावाट तोकिएको मापदण्ड अनुसार खर्च गर्न स्विकृत गर्ने ।
छ) जोखिममा रहेका हिंसा पिडीत महिला किशोरी र बालबालिकाहरु अन्य स्थानमा पठाउनु पर्ने आवश्यकता भएमा सिफारिस गर्ने ।
ज) सुरक्षित आवास गृह संचालनमा संस्थाको सिफारिसमा व्यावस्थापन समितिको सहमतिमा बजेट र कार्यक्रमको परीधिभित्र रही करार सेवामा आवश्यक विज्ञ वा कर्मचारी प्रचलित कानून बमोजिम व्यवस्था गर्ने । तर कर्मचारी राख्नु परेमा निश्चित अवधीको लागी करार सेवामा राख्नु पर्ने छ ।
झ) सेफ हाउस संचालन व्यावस्थापनको लागि समितिले आवश्यक सहकार्य गर्न संघ संस्था छनौट गर्न सक्नेछ ।
ञ) अन्य काम, कर्तव्य र अधिकार सम्बन्धित समितिको सिफारिसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।
ट) यो कार्यविधि वमोजिम गठित हुने समितिको पदावधि ४ वर्षको हुनेछ ।
ठ) व्यवस्थापन समितिको बैठक भत्ता नेपाल सरकारले तोकेको प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३
## कोष तथा मापदण्ड

**५. कोषको व्याबस्था:** हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि लैगिंक हिंसा निवारण कोषको व्यवस्था रहेको छ । अत्यावश्यक पर्दा वा सेफ हाउसमा बस्नु नपर्ने अबस्थाका हिंसा पीडित वा प्रभावित महिलाका लागि उक्त कोपबाट रकम खर्च गर्न सकिने छ ।

**६. न्यूनतम मापदण्ड** : हिंसा पिडीत महिला, किशोरी र बालबालिकाको सुरक्षाका लागि न्यूनतम निम्नानुसारको मापदण्ड रहनु पर्ने व्यवस्था गरिएको छ ।

**(१) आवास गृह परिसरअन्तर्गत**

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

क. चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबार घेरिएको ।

ख. हाताभित्र गृह अनुसारको खुल्ला ठाउँ रहेको ।

ग. आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको ।

घ. सुरक्षाको दुष्टिकोणले उपयुक्त स्थान ।

**(२) आवास गृहमा रहने सुविधा**

क. दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरु

ख. प्रत्येकका लागि छुट्टाछुट्टै खाट

ग. प्रभावित बालवालिकाको लागि अलग्गै कोठा

घ. मनोसामाजिक विमर्श (Psychosocial counselor) का लागि छुट्टै कक्ष

ङ. मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room)

च. शौचालय तथा स्नान कक्ष

छ. साझा टेलिभिजन

ज. ठाउँ हेरी पंखा, हिटर

झ. श्रोत हेरी पर्याप्त पानी

ञ. सुरक्षाका लागि आवश्यकता अनुसार पाले पहरा ।

**(३) लुगाफाटो**

क. आफैले उपलब्ध गराउन नसक्नेलाई एक-एक जोर चप्पल

ख. आफैले उपलब्ध गराउन नसक्नेलाई एकसरो लगाउने लुगा

**(४) खानेकुरा**: दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्र वा वाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहाय बमोजिम हुनुपर्दछ ।

क. विहान चियासँगै हल्का खाजा

ख. दिउँसो खाना

ग. अपरान्ह पूर्ण खाजासँगै चिया

घ. बेलुकी खाना

ङ. मांसाहारीका लागि सातामा एकपल्ट माछा मासु तथा

च. शाकाहारीहरुको हकमा दुध, दही, फलफुल

छ. उमालेको वा अन्यथा शुद्धिकरण गरिएको खानेपानी

**(५) स्वास्थ्योपचार**: नगर व्यवस्थापन समितिले तोकेको अस्पतालमा संरक्षणमा लिईएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचार तर्फ निम्न व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।

क. प्राथमिक उपचार बाकस

ख. समस्या हेरी नियमित उपचार

ग. आकस्मिक उपचार

घ. बालबालिकाका हकमा उमेर अनुसार लगाउनु पर्ने खोप

**(६) मनोसामाजिक विमर्श:** व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (counselor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नु पर्दछ ।

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

क. संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा,
ख. संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,
ग. सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राखे व्यवस्था ।

**(७) कानूनी सेवा:** देहायमा उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

क. प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।
ख. प्रभावित महिलाले प्रचलित कानून बमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(८) सञ्चालन:** आवास गृहको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ ।

क. प्रभावित महिलालाई ममतामय, सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहार गर्नु पर्नेछ ।
ख. प्रभावित महिलाको पहिचानको आवश्यकता अनुसार गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरितको कुनै पनि कार्य गर्न वाध्य पारिने छैन ।
ग. आवास गृहमा भेटघाट कक्ष भन्दा नजीक बस्ने अनुमति प्राप्त चिकित्सक, कर्मचारी, सफाईकर्मी लगायतका समितिले तोकेको अत्यावश्यक व्यक्ति वाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही हुनेछ ।
घ. सेफहाउसको व्यावस्था सम्बन्धी जानकारी सूचना बोर्ड तयार गरी राखुपर्नेछ ।

**(९) जनशक्ति:**

क. आवास गृह व्यवस्थापक
ख. महिला वार्डेन १ जना
ग. मनोविर्मशकर्ता १ जना (केसको आधारमा बोलाइने),
घ. सफाइकर्मी आवश्यकतानुसार

**(१०) अभिलेख:** आवास गृहले देहायबमोजिम अभिलेख राखुपर्दछ ।

क. प्रभावित महिलाको नाम दर्ता किताब ।
ख. संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब ।
ग. प्रभावित महिलाको व्यक्तिगत गोप्य फायल ।
घ. नगर व्यवस्थापन समितिको निर्णय किताब ।
ङ. दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सो को पुष्टी गर्ने कागजात ।
च. स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवा पिच्छे लगत ।
छ. नगर व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख ।

**७. खर्च गर्ने आधारहरु:** सेफ हाउस सञ्चालनको लागि विनियोजीत रकमको परिधिभित्र रहि घर भाडा, मालसामान, औषधोपचार, कानूनी उपचार, फिर्ता सम्प्रेषण, खानेकुरा, मनोसामाजिक विमर्श, संचार, यातायात, कर्मचारी पारीश्रमिक, कार्यालय

सामग्री, लक्षित व्यक्तिको आवास व्यावस्था लगायत अन्य भैपरी आउने खर्चहरु समेत गर्न सकिनेछ । उक्त रकम समितिको निर्णय अनुसार समितिमा पेश गरी स्विकृत गरी लागू हुनेछ ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

## परिच्छेद-४
## अनुदान व्यवस्था

**८) जीविकोपार्जन अनुदान :** (१) पीडित व्याक्तिलाइ जिविकोपार्जन अनुदानको लागि व्यवस्थापन समितिले अनुदान स्वरुप स्विकृत रकम उपलब्ध गराउनेछ ।

(२) अन्य जिल्ला वा गाउँपालिका वा नगरपालिकाहरुबाट आएका हिंसापिडीत महिला, किशोरी र बालबालिकाको हकमा आवश्यक रकम सम्वन्धित स्थानीय तहबाट रकमको व्यवस्था भएको खण्डमा भुक्तानी लिने गरी अन्य स्थानका हिंसापिडीत महिला, किशोरी र बालवालिकाहरुलाई यस आवास गृहमा राख्न सकिनेछ ।

**९) हिंसा प्रभावितको पुर्नमिलन र सामाजिक पुर्नस्थापना:** सेवाग्राहीको सामाजिक पुनस्थापना गर्ने प्रयास गर्नेछ । त्यसका निम्ती उसका अभिभावकसंग पटक पटक संस्थाका कर्मचारीले सम्पर्क गर्ने छन् । अभिभावक र निजका संरक्षकको प्रतिवद्धता लिई सकेपछि निजलाई अभिभावक र गाउँका भद्र भलादमी वा समूहको रोहरबरमा घर फिर्ता गरिनेछ । संस्थाले बुझाएको कागज लिई सकेपछि उक्त कागज व्यक्तिगत फाईलमा राखी निजको व्यक्तिगत फाईल बन्द गरिन्छ र फेरी पुनः अर्को पटक आएमा त्यसै फाईलबाट कारबाही अगाडी बढाईनेछ ।

## परिच्छेद-५

**विविध (१०) अन्य आवश्यक व्यवस्था :**

सुरक्षित आवास गृहका अन्य आवश्यक व्यवस्था देहाय बमोजिम रहनेछ ।

क. बालिका भएमा बालबालिकासंग काम गर्ने विभिन्न संघ संस्थासँग समन्वय गरी बालिकाको लामो भविष्यसम्मको लागि उचित व्यवस्था गर्ने प्रयास गरिनेछ ।
ख. महिलाहरुको लागि सीप सिक्ने तालिमहरुको लागि अन्य सम्बन्धित संघ संस्थाहरुसंग सम्पर्क समन्वय राखि रेफर गरिनेछ ।
ग. आवास गृहमा बसेका पिडीत प्रभावित लाई भेट्न आउने व्यक्तिले पीडितको स्वीकृति भएमा मात्र भेट्न दिनु पर्नेछ । यसरी भेट्न आउने व्यक्तिले आवास गृहका कर्मचारीलाई पहिले नै जानकारी गराई अनुमति लिनु पर्नेछ ।
घ. कार्यालय समय भित्र मात्र भेट्न पाईनेछ ।
ङ. आवास गृहमा सरोकारवाला वाहेक अन्य पुरुषहरुको प्रवेश निषेध गरिनेछ ।
च. केहि काम परि पीडित महिला बाहिर जानु परेमा आवास गृहका कर्मचारीले लैजानु पर्नेछ ।
छ. व्यावस्थापन समितिको निर्णय अनुसार अन्य व्याक्तिलाई प्रवेश गर्न दिइनेछ ।
ज. आवास गृहमा बसेको व्यक्ति सम्बन्धित घट्नाको विषयमा निश्चीत फैसला नभए सम्म आवास गृह संचालन गर्ने संस्थाको निगरानीमा रहनेछ । निगरानीमा रहुन्जेलसम्म घर जाने आउने वा वाहिर गई वस्ने र फेरी सुरक्षा केन्द्रमा फर्कने गर्न पाईने छैन । पीडितसंग भएको पैसा, मोवाइल लगायत अन्य सामानहरु संस्थाले सुरक्षित राख्नेछ ।

झ. आवास गृहमा बस्नेहरुका लागि सामान्य पढ्न लेख्न मन भएकाहरु छन् भने उनिहरुका लागि आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

ञ. पढेलेखेका महिलाहरुको लागि विभिन्न विषयसंग सम्बन्धित पुस्तक, लेख, रचना, दैनिक पत्रपत्रिकाहरु उपलब्ध गराउनेछ ।

ट. समितिले आवस्यकता र समयानुसार सेवा सुविधाहरु थप्नका लागि वा परिमार्जन गर्नका लागि दिएको सुझाव कार्यन्वयन गर्नुपर्नेछ ।

**११. अवधि:** पीडितलाई न्युनतम १५ दिन सम्म वस्ने व्यवस्था हुनेछ । यदि सो भन्दा बढी समय वस्नु परेमा दफा ३ को व्यवस्थापन समितिको निर्णय अनुसार थप गरि वस्न पाइनेछ ।

**१२. कार्यबिधिको व्याख्या:** यो कार्यविधिको अन्तिम व्याख्या नगर कार्यपालिकाको अधिकार प्राप्त निकायले गर्नेछ ।

**१३. बाधा अडकाउ फुकाउने अधिकार:** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**१४. बचाउ, परिमार्जन तथा संशोधन:**

(क) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले बचाउ, परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(ख) यो कार्यविधि सेफ हाउस सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाझिन गएमा वाझिएको हदसम्म कार्यविधिमा लेखिएका कुराहरु अमान्य हुनेछन् ।

आज्ञाले
टुक्ती शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल